नेपाल पत्रकार महासंघ

Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति:२०८२।०१।०३

प्रेस विज्ञप्ति

समाचार संकलनका क्रममा वीरगञ्जमा प्रदर्शनकारी र प्रहरीको आक्रमणमा परी तीन जना पत्रकार घाइते भएकोमा नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

वैशाख २ गते मंगलबार साँझ प्रदर्शनको समाचार संकलनमा जुटिरहेको अवस्थामा महासंघ एसोसिएट प्रदेश समितिका सदस्यसमेत रहेका चन्द्रसूर्य वाणीका धीरेन्द्र तिवारी, एभिन्यूज टेलिभिजनका अर्जुन गुप्ता र मध्य नेपाल सन्देशका अनिल ओझामाथि ढुंगा र लाठी प्रहार भएको जानकारी महासंघ एसोसिएट प्रदेश समिति र पर्सा शाखाबाट प्राप्त भएको छ ।

पत्रकारमाथि भएको यस किसिमको आक्रमणलाई महासंघले अत्यन्त निन्दनीय र प्रेस स्वतन्त्रताविरोधी कदमको रुपमा लिएको छ । जुनसुकै पक्षबाट भए पनि यो कदमले पत्रकारको संवैधानिक सुनिश्चिता र नागरिकको सुसूचित हुने अधिकारमा आघात पुगेको महासंघको ठहर छ ।

महासंघ पत्रकार र नागरिक सूचनाको अधिकारविरोधी यो कदमको छानबिन गरी दोषीमाथि आवश्यक कारबाही गर्न र प्रेसको सुरक्षामा गम्भीर भई सुरक्षाको प्रत्याभूति दिलाउन सम्बन्धित निकायसँग माग गर्दछ । साथै, घाइते पत्रकारको स्वास्थ्यलाभको कामना गर्दै नि:शुल्क उपचारको व्यवस्था गर्न पनि माग गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org